# ललितपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरणः

*"ललितपुरको समृद्धि र सुशासनको आधार:*
*सम्पदा, संस्कृति सहितको स्मार्ट सेवा र पूर्वाधार"*

(२०७९ माघ १ गते देखि २०७९ चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु)
(स्वतः प्रकाशन)


प्रकाशक : ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५४२२५६३
वेवसाईट : www.lmc.gov.np
ईमेल : info@lmc.gov.np
प्रकाशन : २०८० बैशाख

## १. निकायको स्वरूप र प्रकृतिः

धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक तथा मन्दिरै मन्दिरको शहरको रुपमा परिचित ललितपुर महानगरपालिका नेपालको सबै भन्दा पुरानो नगरपालिका हो। अनुपम कलानगरीको रुपमा परिचित यो महानगरपालिका सफाई तथा अन्य कार्यहरु गर्न वि सं.१९७५ सालमा जारी भएको "पाटन सवाल" बाट "छेमडोल अड्डा"को नामबाट स्थापना भई वि. सं. २००९ सालमा ललितपुर नगरपालिका, वि.सं.२०१८ सालमा ललितपुर नगर पञ्चायत, वि. सं. २०४७ सालमा पुनः ललितपुर नगरपालिकामा रुपान्तरण भएको र वि.सं. २०५२ देखि ललितपुर उप-महानगरपालिकाको रुपमा र मिति २०७३ साल चैत्र १० गतेदेखि स्थानीय सरकारको रुपमा ललितपुर महानगरपालिका कायम भई सो अनुसार आफ्नो कार्यसम्पादन गर्दै आएको छ।यस महानगरपालिकामा जम्मा २९ वटा वडाहरु रहेका छन्।यसको क्षेत्रफल ३६.१२ वर्ग किलोमिटर छ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिकाको काम, कर्तव्य र अधिकार नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएको स्थानीय तहको अधिकारको सूची र अनुसूची-९ मा उल्लेख भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची र सो अनुसार सङ्घीय सरकारद्वारा जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय सरकार र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी भएका ऐन, नियम तथा अन्य कानूनी प्रवन्धहरू, परिपत्र एवम् यस महानगरपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधी, निर्देशिका, मापदण्ड तथा मार्गदर्शन बमोजिम व्यवस्था भएका काम, कर्तव्य र अधिकार अनुसार नियमित रुपमा कार्यसम्पादन गर्दै आएको छ।

## ३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरणः

यस महानगरपालिकामा साविकको स्थानीय निकायमा कार्यरत रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका र प्रचलित कानूनको अधिनमा रही नियुक्त भएका अस्थायी तथा करारका कर्मचारीहरु गरी कूल ७८० जना कर्मचारीहरु कार्यरत छन्। यस महानगरपालिकामा नगर कार्यपालिकाको कार्यालय-१(एक), वडा कार्यालय- २९ (उनन्तीस), स्वास्थ्य

चौकी/आधारभूत/नगर स्वास्थ्य केन्द्र-२० (बीस) र पशु सेवा केन्द्र-२ (दुई) रहेका र तत् प्रशासनिक एकाइबाट नियमित रुपमा सेवा प्रवाह गर्दै आएको छ।

४. <u>निकायबाट प्रदान गरिने सेवाः</u>

यस महानगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम महानगरभित्रको विकास, निर्माण, नियमन, व्यवस्थापन र सेवा प्रवाह गर्दै आएको छ।

५. <u>सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः</u>

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्नका लागि सम्बन्धित कार्यसँग सम्बन्धित महाशाखा/शाखा/एकाई/केन्द्र रहेका छन् भने वडाको हकमा वडा कार्यालयहरु रहेका छन्। महाशाखा/शाखा/एकाई/केन्द्रका प्रमुखहरु तथा वडा सचिवहरु आ-आफ्नो कार्यप्रति जिम्मेवार रहने व्यवस्था गरिएको छ।

६. <u>निकायबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः</u>

यस महानगरपालिकाबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर यस महानगरपालिकाद्वारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन बमोजिम रहेको छ। यस आर्थिक ऐन ललितपुर महानगरपालिकाको आधिकारीक वेबसाइट www.lmc.gov.np मा समेत राखिएको छ। सेवा प्राप्त गर्ने अवधिको हकमा प्रचलित कानूनमा अन्यथा लेखिएकोमा बाहेक सामान्यतयाः निवेदन पेश भएको दिनमा नै सेवा प्रवाह गर्ने गरिएको छ।

७. <u>निर्णय गर्ने प्रक्रिया र अधिकारी</u>

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही अधिकार प्रत्यायोजन भएको सीमासम्मको निर्णय सम्बन्धित महाशाखा/शाखा प्रमुखबाट हुने र अन्य प्रशासनिक तथा नीतिगत निर्णयहरु प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका तथा नगर सभाबाट हुने गरेको छ। विकास निर्माणको हकमा सम्बन्धित विषयगत समितिले नीतिगत निर्णय गर्ने गरेको छ।

८. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u>

यस महानगरपालिकाबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष गुनासो राख्न सकिने व्यवस्था रहेको छ। यसका साथै कार्यालयको

परिसरमा विकास तथा सुशासन समिति तथा लेखा समितिले गुनासो उजुरीका लागि गुनासो पेटिका राखेको छ भने कार्यालय परिसरमा अख्तियार दुरुपयोग आयोगले उजुरी पेटिका समेतको व्यवस्था गरिएको छ। गुनासोका लागि सूचना अधिकारीलाई नै गुनासो सुन्ने अधिकारीको रुपमा समेत तोकिएको छ।

## ९. सम्पादन गरेको कामको विवरणः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश सरकार, महानगरपालिकाबाट जारी भएका ऐन, नियम, निर्देशिका, कार्यविधिले तोके बमोजिमका काम कारवाहीहरु तथा **नगर विकास योजना** अनुसारका कार्यक्रमहरु नियमित रुपमा सम्पादन हुदैं आइरहेको छ। सम्पादन गरेका कामको विवरण चौमासिक रुपमा महानगरपालिकाको वेबसाइट www.lmc.gov.np मा राख्ने व्यवस्था मिलाइएको छ।

## १०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

| | |
|---|---|
| कार्यालय प्रमुखको नाम | : **श्री गणेश अर्याल** |
| पद | : प्रमुख प्रशासकीय अधिकृत |
| सूचना अधिकारीको नाम | : **श्री देवप्रसाद गुरागाई** |
| पद | : अधिकृतस्तर दशौं तह |

## ११ ऐन, नियम, विनियम र निर्देशिकाको सूची

सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट स्थानीय तहका लागि जारी गरेका कानूनका आतिरिक्त यस महानगरपालिकाले आफ्नो आधिकार क्षेत्रभित्र रहेर जारी गरेका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी ललितपुर महानगरपालिकाको वेबसाइट www.lmc.gov.np मा समेत राख्ने गरिएको छ।

## १२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

चालु आ.व. २०७९/०८० को साउन महिनाको १ गते देखि चैत्र मसान्त सम्ममा भएको आय तथा खर्चको विवरण महानगरपालिकाको वेबसाइट www.lmc.gov.np मा राखिएको छ।

## १३. <u>तोकिए बमोजिमका अन्य विवरणः</u>

नियमानुसार तोकिए बमोजिमको विवरण आवश्यकताका आधारमा यस महानगरपालिकाको वेबसाइट www.lmc.gov.np मा राखिएको छ। महानगरपालिकाबाट जारी हुने सबै सार्वजनिक सूचनाहरु वेबसाइट www.lmc.gov.np मा समेत राख्ने गरिएको छ।

## १४. <u>अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः</u>

प्रत्येक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। महानगरपालिकाले प्रत्येक वर्ष सञ्चालन गर्ने सबै प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रमहरु **<u>"वार्षिक नगर विकास योजना"</u>** प्रकाशन गर्नुका साथै यस महानगरपालिकाको वेबसाइट www.lmc.gov.np मा राखिएको छ ।

## १५. <u>सार्वजनिक वेबसाइट भए सोको विवरणः</u>

ललितपुर महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवम् अन्य सूचना तथा जानकारीको लागि ललितपुर महानगरपालिकाको आधिकारीक वेबसाइट www.lmc.gov.np रहेको छ ।

## १६. <u>सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग</u>

यस महानगरपालिकाले हाल कुनै प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त गरेको छैन।

## १७. <u>सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः</u>

प्रत्येक आर्थिक वर्षकालागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको र सोको प्रगति विवरण महानगरपालिकाको आधिकारीक वेबसाइट www.lmc.gov.np मा राखिएको छ।

१८. <u>सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः</u>

यस महानगरपालिकाले सूचना, विवरण, तथ्याङ्क एवम् आवश्यक दस्तावेजहरुको वर्गिकरण गरेको छैन तर त्यस्ता सूचनाहरु प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ। प्रचलित कानूनले गोप्य राख्नु पर्ने भनि तोकिदिएका विषय बाहेक सबै विषयहरु सूचना दिन योग्य रहने छन्।

१९. <u>सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको हेलो सरकार मार्फत यस महानगरपालिकासँग सम्बन्धित रहेको भनि प्रेषित गुनासोहरुको समयमा नै फछ्र्यौट गर्ने गरिएको र सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट निवेदन दिई माग गरिएका सूचनाहरु समयमा नै उपलव्ध गराउने गरिएको छ।

<u>यस कार्यालयमा निवेदन दिई माग भएका सूचना र उपलव्ध गराईएको विषयः</u>

| सि.नं. | सूचना मागकर्ताको नामथर | विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | श्री शारदा भुसाल (झा) पिपरा-७, महोत्तरी | नागरिक वडापत्रको विवरण, सूचना अधिकारीको नाम, पद आदि सम्बन्धमा | उपलब्ध गराइएको | |
| २. | श्री रोशन दाहाल नेपाल निर्माण व्यवसायी महासंघ,महासचिव | महानगरपालिकाबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त निर्माण व्यवसाय सम्बन्धी विवरण | उपलब्ध गराइएको | |
| ३. | श्री रुक्शना कपाली | ललितपुर महानगरपालिका वडा नं. १६, पतक्व टोल स्थित कि.नं. २४२ मा रहेको सतःछें (सत्तल घर) पुनर्निर्माण सम्बन्धी योजनाको विषयमा | उपलब्ध गराइएको | |
| ४. | श्री रुक्शना कपाली | सतःछें (सत्तल घर) पुनर्निर्माण को DPR सम्बन्धमा | उपलब्ध गराइएको | |

| | | | | |
|---|---|---|---|---|
| ५. | श्री रुक्शना कपाली | महानगरपालिकाको सिमास्थान, वडा कार्यालयहरुको सम्पर्क नं.को सूची | उपलब्ध गराइएको | |
| ६. | श्री शारदा भुसाल (झा)<br>पिपरा-७, महोत्तरी | यस महानगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयको नाम, ठेगाना र सम्पर्क नम्बरको सूचीको प्रतिलिपि | उपलब्ध गराइएको | |

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै यस महानगरपालिकाको वेबसाइट: www.lmc.gov.np, Twitter Account: https://twitter.com/CityLalitpur र Facebook Page: https://www.facebook.com/lalitpurmun/ मार्फत प्रकाशन गर्ने गरिएको छ।